# सार्वजनिक सूचना

## नागरिक समाज संस्थाहरूबाट आवेदनआह्वान

स्थानीय शासन तथा मानव अधिकारकालागि नागरिक समाज सुदृढीकरण (SAMA-SAMA) Strengthening Civil Society for Inclusive Governance and Human Rights) परियोजना अन्तर्गत महिला तथा सीमान्तकृत समूहहरूको आवाज, समावेशी सुशासन, मानव अधिकार, वातावरणीय न्याय तथा समावेशी राजनीतिक प्रक्रियालाई सुदृढ गर्ने उद्देश्यले मधेश र लुम्बिनी प्रदेशका १३ वटा नगरपालिका तथा गाउँपालिकामा काम गर्ने योजना रहेको छ । महिला तथा सीमान्तकृत समूहहरूको सशक्तीकरण, समावेशी सुशासन, मानवअधिकार, वातावरणीय न्याय तथा समावेशी राजनीतिक सहभागिता प्रबर्द्धन लगायतका पक्षहरूमा कार्य गर्ने उद्देश्यले **नवलपरासी** जिल्लामा दर्ता भई काम गरी रहेको वा **बर्दघाट नगरपालिका** सुचिकृत भई सक्रिय रूपमा कार्य गरिरहेका महिला/युवा नेतृत्व भएका नागरिक समाज संस्थाहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रआवेदन पेश गर्नुहुन बिनम्र अनुरोध गरिन्छ ।

**न्यूनतम योग्यता**

- महिला, दलित, जनजाति, मधेसी, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, LGBTQI+ तथा अन्य सीमान्तकृत समुदायसँग प्रत्यक्षरूपमा कार्य गरेको हुनुपर्ने ।
- परियोजनाका लक्षित कार्यक्षेत्र (जस्तै; महिला, युवा, सीमान्तकृत समुदयका हक अधिकारका लागी काम गर्ने, जनपैरवी गर्ने, स्थानिय स्तरमा नागरिक सहभागिता प्रबर्धन सामाजिक जवाफदेहिता, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, राजनीतिक क्षेत्र मुद्दा, वातावरणीय अधिकारमा कार्यरत र अनुभव भएको साथै महिला, युवा र अल्पसङ्ख्यकहरूको नेतृत्वमा रहेको संस्थाहरू ।
- जिल्ला प्रशासन कार्यालय वा स्थानीय निकायमा विधिवत दर्ता तथा नवीकरण भएको संस्था हुनुपर्ने । वा कम्तिमा स्थानीय पालिकामा सुचिकृत भएको हुनुपर्ने ।
- महिला नेतृत्व संस्थाको हकमा नेतृत्व/निर्णय प्रक्रियामा कम्तिमा ६०% महिला सहभागिता भएकालाई प्राथमिकता दिइनेछ ।
- युवा नेतृत्व संस्थाको हकमा १८–३५ वर्ष उमेर समूहका युवाको नेतृत्व प्रतिनिधित्व भएकालाई प्राथमिकता दिइनेछ ।
- संस्थाको विगत तीन वर्षको वार्षिक वित्तीय कारोबार प्रत्येक वर्ष रु. २० लाख भन्दा कम भएको हुनुपर्ने । **न्युनतम कारोवार जति कमभएको भएपनि त्यसले केहि फरक पार्नेछैन ।**

**आवेदनसँग संलग्न गर्नुपर्ने कागजातहरू**

- संस्था दर्ता प्रमाणपत्र
- नवीकरण प्रमाणपत्र
- PAN/VAT प्रमाणपत्र **(भएमा)**
- संस्थाको संक्षिप्त प्रोफाइल
- हालसम्मका प्रमुख गतिविधिहरूको विवरण

**छनोट भएका संस्थाहरूले प्राप्त गर्ने सहयोग तथा अवसरहरू**

- सहभागितामूलक संस्थागत स्व–मूल्यांकन (Participatory Organizational Self–Assessment) प्रक्रियामा सहजीकरण।
- रूपान्तरणकारी नारीवादी नेतृत्व (Transformational Feminist Leadership) दृष्टिकोण अपनाई समावेशी सुशासन सम्बन्धी पैरवी, रणनीति विकास तथा संस्थागत क्षमता अभिवृद्धि तालिम ।
- Micro–Grant Support Activity का लागि छनोट भएका संस्थाहरूलाई वित्तीय सहयोग ।
- सामाजिक जवाफदेहिताको प्रबर्द्धनका लागि सिकेका ज्ञान तथा सीपहरू व्यवहारमा लागू गर्न आवश्यक प्राविधिक स्रोत साधन उपलब्ध गराउने उपकरण तथा अन्य प्राविधिक सहयोग ।

श्री IT, पालिकाको website facebook page र Email गरिदिनु ।

**सम्पर्क तथा ठेगाना**

सिद्धार्थ सामाजिक विकास केन्द्र

बिमला परियार : नागरिक सहभागिता सहजकर्ता (Civic Engagement Facilitator)

सम्पर्क – ९८१२५९७७६२ (इमेल: cef.bardaghat@gmail.com)

कमला शुक्ला: प्रदेश संयोजक (Province Coordinator)

सम्पर्क – ९८५७०५०२५२ (इमेल: kamala.shukla2025@gmail.com)

SSDC

२०८३/०२/२९